# वाणिज्य विभागको रणनीतिक योजना (२०६८।६९-०७०।७१)
# Strategic Plan of Department of Commerce (2011-2013)

**प्रस्तावना** : द्विपक्षीय, क्षेत्रीय तथा वहुपक्षीय व्यापार प्रणालीबाट सिर्जित अवसरलाई मुलुकको निर्यात वृद्धि र आर्थिक विकासमा अधिकतम उपयोग गर्न,
स्वच्छ र प्रतिस्पर्धात्मक आन्तरिक तथा बाह्य व्यापारलाई प्रवर्द्धन गर्दै व्यापार सहजीकरण मार्फत दिगो व्यापारलाई सुनिश्चित गर्न,
अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिलाई सुनिश्चित गर्दै उपभोक्ताको हकहित संरक्षण गर्न र मुलुकमा आर्थिक क्रियाकलापलाई प्रवर्द्धन गर्न,
वाणिज्य विभागको भूमिका महत्वपूर्ण रहने कुरालाई दृष्टिगत गरी विभागलाई रणनीतिक सोचका साथ अघि बढाउन एक रणनीतिक योजना आवश्यक भएको कुरालाई महसुस गरी यो रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

## १. दूर दृष्टि (Vision)

व्यापार सहजीकरण एवं खुल्ला र प्रतिस्पर्धात्मक आपूर्ति व्यवस्थापन मार्फत राष्ट्रिय अर्थतन्त्र र उपभोक्ता हित संरक्षणमा योगदान पुऱ्याउन वाणिज्य विभागलाई एक सक्षम, प्रभावकारी र अधिकारसम्पन्न संस्थाको रुपमा स्थापित गर्ने ।

## २. परि दृश्य (Mission)

आन्तरिक तथा वाह्य व्यापार सहजीकरण, प्रतिस्पर्धा नियमन, प्रभावकारी आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हकहित संरक्षणमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम तुल्याउन वाणिज्य विभागलाई उपयुक्त कानूनी, भौतिक तथा गुणस्तरीय मानवस्रोत साधनले सम्पन्न तुल्याउने ।

## ३. उद्देश्हरु (Objectives)

३.१ <u>आन्तरिक तथा वाह्य व्यापार सहजीकरण</u>

३.१.१ आन्तरिक तथा वाह्य व्यापार सहजीकरणमा विभागको भूमिकालाई थप सुदृढ र प्रभावकारी तुल्याउने ।

३.१.२ आपूर्ति व्यवस्थापनलाई सहज, नियमित र पारदर्शी बनाउने कार्यमा विभागको नेतृत्वदायी भूमिका सुनिश्चित गर्ने ।

३.१.३ अत्यावश्यक वस्तु तथा सेवा उचित मूल्य र निश्चित गुणस्तरमा उपभोग गर्न पाउने उपभोक्ताको नैसर्गिक हक हितको संरक्षण गर्ने ।

३.१.४ व्यापार प्रवर्द्धन र नियमन, आपूर्ति व्यवस्थापन र उपभोक्ता हित संरक्षण लगायतका क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने सक्षम संस्थाको रुपमा स्थापित गर्न वाणिज्य विभागलाई कानूनी, भौतिक तथा मानवीय साधनस्रोतले सम्पन्न बनाउने ।

३.१.५ वाणिज्य नीति २०६५, **NTIS 2010** ले पहिचान गरेका निर्यात संभाव्य वस्तु तथा सेवाको प्रवर्द्धन, मूल्य अभिवृद्धि **(value-added)** तथा बजारीकरणको लागि विशेष कार्यक्रम संचालन गर्ने ।

३.१.६ नयाँ निर्यात योग्य वस्तु तथा सेवाको क्षेत्र पहिचानको लागि सम्वन्धित सरोकारवालासंग छलफल गरी प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने ।

३.१.७ आन्तरिक व्यापारको व्यवस्थापन तथा प्रवर्द्धन गर्ने ।

३.२ <u>आपूर्ति व्यवस्थापन</u>

३.२.१ आपूर्ति व्यवस्थापनलाई सहज, सुलभ, पारदर्शी तथा भरपर्दो बनाउन आपूर्ति नीति तर्जुमा गर्ने र कार्यान्वयन गर्ने ।

३.२.२ आपूर्तिसंग सम्वन्धित विद्यमान कानूनमा समसामयिक सुधार गर्ने ।

३.२.३ अत्यावश्यक वस्तु तथा सेवाको निम्ति मूल्य नियमन नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

३.२.४ आपूर्ति व्यवस्थापनलाई चुस्त, प्रभावकारी र पारदर्शी बनाउन बजार अनुगमन, निरीक्षण तथा नियमन कार्यलाई सघन तुल्याउने ।

३.२.५ विभिन्न क्षेत्रबाट सिर्जना हुन सक्ने वस्तु र सेवाको अवरोधलाई न्यूनीकरण गर्दै सहकारी र सुपथ मूल्य पसलहरु मार्फत सार्वजनिक वितरण प्रणाली (Public Distribution System) को विकास र सुदृढीकरण गर्ने ।

३.२.६ सार्वजनिक संस्थानहरु मार्फत एकीकृत वितरण प्रणाली **(Integrated Distribution System)** लागू गर्न आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध मिलाउने ।

३.२.७ अत्यावश्यक खाद्य वस्तुहरुको कृत्रिम अभाव तथा अस्वाभाविक मूल्य वृद्धि हुन नदिन र बजार स्थिरीकरण गर्न खाद्य सुरक्षा **(Buffer stock)** को व्यवस्था गर्ने गराउने ।

३.२.८ अत्यावश्यक वस्तु तथा सेवा उत्पादन र वितरणसंग सम्बन्धित निजी क्षेत्रका संघसंस्था तथा गैरसरकारी संस्थासित समन्वय गरी आपूर्ति व्यवस्थालाई चुस्त र सहज बनाइराख्न सहयोग पुऱ्याउने ।

## ३.३ बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण

३.३.१ उपभोक्ता हकहित संरक्षणलाई प्रभावकारी वनाउन आवश्यक नीतिगत व्यवस्था गर्ने ।

३.३.२ विद्यमान उपभोक्ता हकहित संरक्षण सम्वन्धी कानूनमा समसामयिक सुधार र परिमार्जन गर्ने ।

३.३.३ आम उपभोक्ताहरुलाई उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, मूल्य, परिमाण लगायतका विषयमा आमसञ्चार माध्यम मार्फत नियमित रुपमा सूचना संम्प्रेषण गर्ने ।

३.३.४ उपभोक्ता हकहित संरक्षणमा कार्यरत संस्थाहरुको सबलीकरण गर्ने र सहकार्यलाई जोड दिने ।

३.३.५ उपभोक्ता हकहित संरक्षणमा कार्यरत संस्थाहरुको लागि मापदण्ड तथा मार्ग दर्शन तर्जुमा गरी कार्यान्यिन गर्ने गराउने ।

३.३.६ उपभोक्ता शिक्षा तथा प्रशिक्षण कार्यक्रमलाई सघन रुपमा संचालन गर्ने ।

३.३.७ उपभोक्ता हित संरक्षणको लागि विभागको जनशक्ति तथा क्षमता अभिवृद्धिको कार्य गर्ने ।

३.३.८ उपभोक्ता हक अधिकारलाई सुनिश्चित गर्न तथा शीघ्र कानूनी उपचार दिलाउन उपभोक्ता अदालत/इजलासको गठन र संचालनमा सहयोग पुऱ्याउने ।

## ३.४ संस्थागत सुदृढीकरण

३.४.१ आन्तरिक तथा वाह्य व्यापार सहजीकरण र प्रभावकारी आपूर्ति व्यवस्थापनको लागि सक्षम संस्थाको रुपमा वाणिज्य विभागलाई स्थापित गर्न आवश्यक दरवन्दी तथा संगठन संरचना तर्जुमा गर्ने ।

३.४.२ व्यापार सहजीकरण, आपूर्ति व्यवस्थापन एवं उपभोक्ताहित संरक्षणका लागि आवश्यक भौतिक र वित्तीय स्रोत साधनको व्यवस्था गर्ने ।

३.४.३ व्यापार सहजीकरण र आपूर्ति व्यवस्थापनको लागि मानव संसाधन विकासलाई उच्च प्राथमिकतासाथ अघि बढाउने ।

३.४.४ व्यापार प्रवर्द्धन, सहजीकरण र आपूर्ति व्यवस्थापनका क्षेत्रमा अनुसन्धान र विकास **(Research & Development)** कार्यलाई अघि बढाउदै वाणिज्य तथा आपूर्ति व्यवस्थापनका क्षेत्रमा आधिकारिक र उपयोगी तथ्याङ्क आधार **(Data-Base)** तयार गर्ने ।

३.४.५ विभागको संस्थागत विकासको लागि आन्तरिक तथा वाह्य श्रोत तथा साधनको परिचालन गर्ने ।

३.४.६ अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई सुदृढ तुल्याई सञ्चालित कार्यक्रमहरुको प्रभावकारिता वृद्धि गर्ने ।

४.**रणनीति** : वाणिज्य विभागको रणनीतिक योजनालाई कार्यान्वयन गर्न देहाय अनुसारको रणनीति अपनाइने छ :-

४.१. वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा वाणिज्य विभागको सहकार्यबाट यस रणनीतिक योजनाको कार्यान्वयन गरिनेछ ।

४.२ नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल च्याम्वर अफ कमर्श लगायतका निजी संघसंस्था तथा उपभोक्ता संघ संस्थाको सहयोग लिइनेछ ।

४.३ रणनीतिक योजना कार्यान्वयन गर्न नेपाल सरकारको वार्षिक बजेट मार्फत आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

५. **कार्यनीति** :

५.१ रणनीतिक योजनाको कार्यान्वयन गर्दा तोकिएका क्रियाकलापहरुलाई समयमा शुरु गरी त्यस सम्वन्धी गर्नु पर्ने अध्ययन, विश्लेषण, छलफल आदि बाट टोलीगत (**Team work**) रुपमा कार्य सम्पादन गरिनेछ ।

५.२ रणनीतिक योजनाको कार्यान्वयन गर्न सरोकारवाला निकाय र विशेषज्ञ समेतको सेवाको आवश्यकता अनुसार परिचालन गरिनेछ ।

५.३ यस योजनाको कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयको सहयोग लिईनेछ ।

५.४ वाणिज्य कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतका निकायको सहयोग लिई रणनीतिक योजनालाई प्रभावकारी वनाइनेछ ।

५.५ मन्त्रालय स्तरबाट सरोकारवाला केन्द्रिय प्रशासनिक तथा विशेषज्ञ निकाय समेतको समन्वय गरी योजनाको कार्यान्वयन गरिनेछ ।

६. **क्रियाकलापहरु** :

प्रस्तावित रणनीतिक योजनाको लक्ष्य तथा उदेश्य हासिल गर्ने क्रममा आगामी तीन वर्षभित्र संलग्न कार्ययोजनामा उल्लेख भएअनुसारका क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछन् ।

## रणनीतिक योजनाको क्रियाकलाप सहितको ३ वर्षे कार्ययोजना

| रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समयसीमा | वजेट/स्रोत-साधन |
|---|---|---|---|---|
| ३.१ **आन्तरिक तथा वाह्य व्यापार सहजीकरण**<br><br>३. १.१ आन्तरिक व्यापारलाई सहजीकरण र व्यापार सम्वन्धी एकीकृत कानूनको आवश्यकतालाई परिपूर्ति गर्न नयाँ वाणिज्य तथा आयात निर्यात ऐनको निर्माण गरी कार्यान्वयन गर्ने । | - आन्तरिक व्यापार नीतिको तर्जुमा गर्ने ।<br>- वाणिज्य कानून तर्जुमा गरी मन्त्रालय मार्फत संसदमा पेश गर्ने ।<br>- आयात/निर्यात सहजीकरण गर्न ऐनको मस्यौदा तयार गरी स्वीकृतिको लागि सम्वद्ध निकायमा पेश गर्ने । | - वाणिज्य विभाग<br>- वाणिज्य तथा आपूर्ति मंत्रालय<br>- अर्थ मन्त्रालय, कानून तथा न्याय मन्त्रालय<br>- नेपाल च्याम्वर अफ कमर्श<br>- नेपाल उद्योग वाणिज्य महासंघ<br>- नेपाल उद्योग परिसंघ | - २०६९ आषाढ मासान्त | विनियोजित बजेटबाट व्यवस्था गर्ने<br>,,<br>,, |

| | | | | |
|---|---|---|---|---|
| ३.१.२ वाणिज्य क्षेत्रमा मौजुदा कानूनहरुको पुनरावलोकन गरी वहुपक्षीय तथा क्षेत्रीय व्यापार प्रणाली अनुकूल हुने गरी सुधार तथा परिमार्जन गर्ने । | - वर्तमान साझेदारी, एजेन्सी, प्राइभेट फर्म सम्वन्धी ऐन/नियमहरुको पुनरावलोकन गरी संशोधन मस्यौदा वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत संसदमा पेश गर्ने । | वाणिज्य विभाग/<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कानून तथा न्याय मन्त्रालय<br>उद्योग मन्त्रालय तथा अन्तर्गतका निकायहरु<br>अर्थ मंत्रालय<br>नेपाल चेम्वर अफ कर्मश<br>नेपाल उद्योग वाणिज्य महासंघ<br>नेपाल उद्योग परिसंघ | २०६९ आषाढ मसान्त | ,, |

| रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समयसीमा | वजेट/स्रोत-साधन |
|---|---|---|---|---|
| ३.१.३ राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यापारको विकासको लागि यातायात सन्जालको विकासलाई प्राथमिकता दिने । | व्यापारिक मार्गको सन्जालको पहिचान गर्न संभाव्यता अध्ययन गर्ने । | - वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>- अर्थ मन्त्रालय/<br>- आवास तथा भौतिक योजना मन्त्रालय<br>- स्थानीय विकास मन्त्रालय<br>- वाणिज्य विभाग<br>- यातायात व्यावसायी सम्वन्धी संघसंस्थाहरु | २०७१ आषाढ मासान्त | आगामी आ.व.को वार्षिक कार्यक्रममा बजेट विनियोजन गर्नु पर्ने । |
| ३.१.४ वाणिज्य विभागको भूमिकालाई व्यापार प्रवर्द्धन/सहजीकरण गर्न गतिशील तुल्याउने । | - सार्क क्षेत्रका मुलुकका वाणिज्य विभागको अध्ययन भ्रमण गरी तद्नुसार नेपालको वाणिज्य | वाणिज्य तथा आपूर्ति मंत्रालय,<br>अर्थ मंत्रालय,<br>वाणिज्य विभाग,<br>दातृ निकाय | २०७० आषाढ मासान्त | दातृ निकायबाट आर्थिक स्रोतको व्यवस्था हुनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | विभागको पुनर्संरचनाको लागि सिफारिश गर्ने । | | | |
| ३.१.५ नेपाल व्यापार एकिकृत रणनीति **(NTIS 2010)** ले पहिचान गरेको वस्तु तथा सेवाको निर्यात प्रवर्द्धन सम्वन्धमा कार्यक्रम सन्चालन गर्ने । | **NTIS-2010** को कार्ययोजना **(Action Matrix)** मा उल्लेख भए अनुसार पहिचान भएका वस्तु तथा सेवाको उत्पादन प्रवर्द्धन, मूल्य अभिवृद्धि र सहज बजार पहुँच सुविधा विस्तार गरी निर्यात बढाउन सरकारी तथा निजी क्षेत्रसित सहकार्य गरी कार्यक्रम संचालन गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय/ वाणिज्य विभाग<br>नेपाल उद्योग वाणिज्य महासंघ,<br>नेपाल चेम्वर अफ कमर्श<br>नेपाल उद्योग परिसंघ<br>निर्यात तथा व्यापार प्रवर्द्धन केन्द्र | २०६८-६९ देखि २०७०।७१ सम्म<br><br>निरन्तर | **NTIS-2010** को कार्यान्वयन गर्ने स्रोतबाट वजेट व्यवस्था गर्न पर्ने । |
| ३.१.६ वाणिज्य नीतिको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने । | • वाणिज्य नीति कार्यान्वयन कार्ययोजनामा वाणिज्य विभागले गर्नुपर्ने भनी उल्लेख भएका कार्यहरुलाई चरणवद्ध रुपमा | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय<br>वाणिज्य विभाग<br>नेपाल उद्योग वाणिज्य महासंघ<br>नेपाल चेम्वर अफ कमर्स<br>नेपाल उद्योग परिसंघ | २०६८।६९ देखि<br><br>२०७०।७१ सम्म<br><br>निरन्तर | आगामी आ.व.देखि वजेट विनियोजन गर्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | अघि बढाउने ।<br>● विभागस्थित **Board of Trade** को सचिवालयलाई सुदृढ गरी वोर्डको भूमिकालाई थप प्रभावकारी र गतिशील बनाउने । | | | |
| ३.१.७ नेपाललाई भारत तथा चीन वीच **Transit Point** को रुपमा विकास गर्न आवश्यक कार्यविधि तयार गर्ने । | पारवहन नाकाहरु पहिचान गरी कार्यविधि तयार गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय/ अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय भौतिक योजना तथा निर्माण मन्त्रालय<br>रक्षा मन्त्रालय,उद्योग मन्त्रालय, वाणिज्य विभाग, नेपाल उद्योग वाणिज्य महासंघ, चेम्वर अफ कमर्श, नेपाल उद्योग परिसंघ नेपाल भारत उद्योग व्यापार संघ नेपाल हिमालय पार व्यापार संघ | आ.व. २०७०।७१ भित्र | आगामी आ.व.मा वजेट विनियोजन गर्नुपर्ने । |

| रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समयसीमा | वजेट/स्रोत-साधन |
|---|---|---|---|---|
| ३.२ **आपूर्ति व्यवस्थापन**<br>३.२.१ प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप सुनिश्चित गर्ने | • ७५ जिल्लामा बजार संरक्षण अधिकृत नियुक्ति गर्ने<br>• सरोकारवालालाई प्रशिक्षण दिने<br>• बजार संरक्षण अधिकृतको लागि कार्यविधि वनाउने | - वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>- गृह मन्त्रालय तथा अन्तर्गतका निकायहरु<br>- वाणिज्य विभाग | २०६९ आषाढ मासान्त<br>निरन्तर<br>२०६८ चैत्र मासान्त | वार्षिक विनियोजन बजेटबाट<br>,,<br>,, |
| ३.२.२ आपूर्ति क्षेत्रको व्यवस्थापन र नियमनलाई प्रभावकारी र चुस्त वनाउदै मुलुकमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति प्रणालीलाई सहज/नियमित र व्यवधान रहित तुल्याउन आपूर्ति नीति पारित गरी तोके अनुसार कार्य गर्ने । | - आपूर्ति नीतिको कार्यान्वयनमा सहयोग गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य विभाग/अर्थ मन्त्रालय, रा.यो.आयोग, कृषि मन्त्रालय<br>नेपाल उद्योग वाणिज्य महासंघ<br>नेपाल चेम्वर अफ कमर्श<br>नेपाल उद्योग परिसंघ | आपूर्ति नीति पारित भएपछि निरन्तर | आगामी आ.व.देखि वार्षिक रुपमा बजेट विनियोजन गर्नुपर्ने । |
| ३.२.३ कृत्रिम मूल्य वृद्धिलाई नियन्त्रण गर्न मूल्य नियमन नीति बनाउने । | • मूल्य नियमन नीतिको मस्यौदा तयार गरी वाणिज्य तथा आपूर्ति मंत्रालयमा | वाणिज्य तथा आपूर्ति मन्त्रालय/वाणिज्य विभाग<br>अर्थ मन्त्रालय, कृषि मन्त्रालय, उद्योग मन्त्रालय,स्थानीय विकास मन्त्रालय, सिंचाई मन्त्रालय, | २०६८ चैत्र मासान्त | विनियोजित वजेट अनुसार |

| | | | | |
|---|---|---|---|---|
| | पेश गर्ने ।<br>● मूल्य नियमन नीतिको कार्यान्वयन गर्ने । | राष्ट्रिय योजना आयोग, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्वर अफ कमर्श, नेपाल उद्योग परिसंघ | आ.व. २०७०।७१ सम्म | आगामी आ.व.को वजेटमा विनियोजन गर्नुपर्ने । |
| ३.२.४ दुर्गम, हिमाली तथा पहाडी क्षेत्रमा स्थानीय उत्पादन वृद्धि तथा खाद्य आहार परिवर्तन कार्यक्रम सञ्चालन गरी खाद्य असुरक्षाको स्थिति उत्पन्न हुन नदिने । | ● दुर्गम, हिमाली तथा पहाडी क्षेत्रमा स्थानीय उत्पादन वृद्धि गर्न सरकारी गैरसरकारी तथा निजी क्षेत्रसित समन्वय गरी कार्यक्रम संञ्चालन गर्न सहजकर्ता र समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।<br>● दुर्गम हिमाली तथा पहाडी जिल्लामा आहार वानी(**Food Habit**) मा परिवर्तन ल्याई स्थानीय तथा परम्परागत | राष्ट्रिय योजना आयोग,<br>अर्थ मन्त्रालय<br>कृषि तथा सहकारी मंत्रालय<br>स्थानीय विकास मंत्रालय<br>शिक्षा मंत्रालय<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय/ वाणिज्य विभाग<br>नेपाल खाद्य संस्थान | २०७१ आषाढ मासान्त<br><br>" | वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट बजेट विनियोजन भए अनुसार<br><br>" |

| | | | | |
|---|---|---|---|---|
| | उत्पादनको उपभोग बढाई खाद्य असुरक्षा कम गर्न यससम्वन्धी तालिम, प्रशिक्षण, जनचेतना विस्तार कार्यक्रम सञ्चालन गर्ने । | | | |
| ३.२.५ विभिन्न निकायसंग समन्वय गरी अत्यावश्यक उपभोग्य वस्तु सहज र नियमित रुपमा उपलब्ध हुने व्यवस्था गर्न सार्वजनिक वितरण प्रणाली तथा एकीकृत वितरण प्रणालीको स्थापना तथा सञ्चालन गर्ने । | • चामल, गहुँ, पीठो, नून, चिनी, खाने तेल, ग्याँस, मट्टितेल, दुध र दुग्धजन्य पदार्थ जस्ता अत्यावश्यक उपभोग्य वस्तु तथा सेवालाई सार्वजनिक वितरण प्रणाली (**PDS**) अन्तर्गत समावेश गरी सुपथ मूल्यमा सुलभ तरिकाले उपलब्ध हुने व्यवस्था गर्न समन्वयकर्ताको भूमिका निर्वाह | वाणिज्य तथा आपूर्ति मन्त्रालय/ अर्थ मन्त्रालय/उद्योग मन्त्रालय<br>राष्ट्रिय योजना आयोग<br>कृषि तथा सहकारी मन्त्रालय<br>वाणिज्य विभाग<br>सरकारी संस्थानहरु<br>नेपाल उद्योग वाणिज्य महासंघ<br>नेपाल चेम्वर अफ कमर्श<br>नेपाल उद्योग परिसंघ | २०६८।६९ देखि २०७०।७१ सम्म | वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट बजेट व्यवस्था भए अनुसार |

| | | | | |
|---|---|---|---|---|
| | गर्ने ।<br>● विभिन्न सार्वजनिक संस्थाहरुबाट उपलव्ध हुने वस्तु तथा सेवा एकीकृत रुपमा विक्री वितरण हुने व्यवस्था गरी उपभोक्तालाई राहत पुऱ्याउन एकीकृत वितरण प्रणाली लागू गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने । | ,, | आ.व. २०६८।६९ देखि २०७०।७१ सम्म निरन्तर | |
| ३.२.६ वस्तु र सेवाको आपूर्ति अवरोध नियन्त्रण गर्न आवश्यक सेवा संचालन ऐनमा समसामयिक संशोधनको लागि पहल गर्ने । | सरोकारवालासंगको सहकार्यमा ऐनको संशोधन मस्यौदा तयार गरी सम्वन्धित निकायमा पेश गर्ने । | गृह मन्त्रालय/<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य विभाग<br>उपभोक्ता संघ संस्थाहरु | २०६९ आषाढ मासान्त | |
| ३.२.७ उत्पादकले प्राप्त गर्ने र उपभोक्ताले तिर्नु पर्ने मूल्य वीचको अन्तरलाई कम गरी उपभोक्ता माथि हुन सक्ने अनावश्यक भार कम गर्ने । | सहकारी/सुपथ मूल्य पसलको प्रभावकारी रुपमा संचालन गर्न/गराउन त्यसको अनुगमन गर्ने । | वाणिज्य तथा आपूर्ति मंत्रालय<br>स्थानीय विकास मंत्रालय<br>सहकारी विभाग/<br>वाणिज्य विभाग<br>स्थानीय तथा सम्वद्ध सरकारी निकायहरु | आ.व. २०६८।६९ देखि २०७०।७१ सम्म निरन्तर | वार्षिक वजेटमा विनियोजन भए अनुसार |

| | | | | |
|---|---|---|---|---|
| ३.२.८ अत्यावश्यक वस्तु/सेवा प्रदायक संस्थानहरुको वितरण सूचना प्रणाली स्थापना गर्ने । | - सार्वजनिक संस्थानहरुले आफ्नो वितरण प्रणाली बारे वाणिज्य विभागलाई सूचना आदान प्रदान गर्ने | सम्वद्ध सार्वजनिक संस्थानहरु<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य विभाग/सम्वन्धित केन्द्रीय निकायहरु | आ.व. २०६९।७० भित्र | आगामी आ.व. को वार्षिक वजेटमा विनियोजन गर्नुपर्ने । |
| ३.२.९ स्थानीय तहमा अत्यावश्यक वस्तु/सेवाको उत्पादन, वितरणमा स्थानीय निकायलाई जिम्मेवार वनाउने । | स्थानीय विकास मन्त्रालयसंग समन्वय गरी स्थानीय निकायलाई सक्रिय तुल्याउने | स्थानीय विकास मन्त्रालय/<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य विभाग<br>स्थानीय निकायहरु | आ.व.२०६८।६९ देखि २०७०।७१ सम्म<br>निरन्तर | |
| ३.३ **<u>बजार अनुगमन तथा</u> <u>उपभोक्ता हित संरक्षण</u>**<br>३.३.१ उपभोक्ता हकहित संरक्षणको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने । | राष्ट्रिय उपभोक्ता नीति तर्जुमा गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य विभाग/<br>उपभोक्ता संघ संस्थाहरु | २०६९ आषाढ मासान्त | वार्षिक विनियोजित वजेटबाट |

| | | | | |
|---|---|---|---|---|
| ३.३.२ बजार अनुगमन निर्देशिका तयार गर्ने | वाणिज्य विभागले सरोकारवाला निकायहरुको सहयोगमा निर्देशिका तयार गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य विभाग<br>खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>जिल्ला प्रशासन कार्यालय<br>उपभोक्ता संघसंस्थाहरु | २०६८ चैत्र मासान्त | विनियोजित वजेट अनुसार |
| ३.३.३ उपभोक्ता हकहित संरक्षण सम्वन्धी विद्यमान ऐनमा समसामयिक संशोधन तथा परिमार्जन गर्ने । | - उपभोक्ता संरक्षण ऐन २०५४ मा संशोधन मस्यौदा तयार गरी सम्वद्ध निकायमा पेश गर्ने । | नेपाल सरकार, प्रधानमंत्री तथा मंत्री परिषद सचिवालय<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>कानून तथा न्याय मन्त्रालय<br>वाणिज्य विभाग<br>सम्वद्ध मन्त्रालयहरु | २०६८ चैत्र मासान्त | |
| ३.३.४ उपभोक्ता हित संरक्षण सम्वन्धी संघसंस्थाहरुको कार्यको मापन **(mapping)** गरी वर्तमान क्रियाकलाप, भौगोलिक उपस्थिति तथा श्रोतको आधारमा विवरण तयार गर्ने । | **UNIDO** को विशेषज्ञको सहयोग लिई तयार गर्ने । | वाणिज्य विभाग तथा सहयोगी निकाय | २०६८ फाल्गुन मासान्त | **UNIDO** को सहयोगमा सम्पादन गर्ने । |
| ३.३.५ उपभोक्ताहरुको लागि मापदण्ड तथा मार्गदर्शन तयार गर्ने । | उपभोक्ता संस्थाहरुको लागि मापदण्ड तथा मार्ग दर्शन तयार गरी वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट स्वीकृत गराउने | वाणिज्य विभाग<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०६८ चैत्र मासान्त | |

| | | | | |
|---|---|---|---|---|
| ३.३.६ उपभोक्ता शिक्षा तथा सचेतनाको लागि कार्यक्रम संचालन गर्ने । | पाठ्यक्रम तर्जुमा गरी माध्यमिक विद्यालय तहमा समावेश गर्न उ.सं.परिषदबाट पारित गराई शिक्षा मन्त्रालयमा पठाउने<br>- प्रचार प्रसार कार्य तथा उपभोक्ता शिक्षालाई प्राथमिकता दिई संचालन गर्ने तथा उक्त कार्यमा संचार मन्त्रालयसंग सहकार्य गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>शिक्षा मन्त्रालय तथा पाठ्यक्रम विकास केन्द्र<br>सूचना तथा संचार मन्त्रालय<br>वाणिज्य विभाग/वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>सूचना विभाग | २०६८ पौष मासान्त<br><br>आ.व. २०६८।६९ देखि २०७०।७१ सम्म<br>निरन्तर | |
| ३.३.७ उपभोक्ता अधिकार संरक्षण कार्यक्रमलाई प्रोत्साहन गर्ने । | उपभोक्ता अधिकारकर्मी, संचारकर्मी तथा कर्मचारीको लागि सम्मान/ प्रोत्साहन गर्ने कार्यविधि तयार गर्ने । | वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>वाणिज्य विभाग/<br>सम्वन्धित निकायहरु | २०६८ माघ मासान्त | |

| रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समयसीमा | वजेट/स्रोत-साधन |
|---|---|---|---|---|
| ३.४ **<u>संस्थागत सुदृढीकरण</u>**<br>३.४.१ व्यापार सहजीकरण, आपूर्ति व्यवस्थापन र उपभोक्ताहित संरक्षण गर्न तथा रणनीतिक योजनाको कार्यान्वयन गर्न **O&M** सर्वेक्षण प्रतिवेदन समेतको आधारमा विभागको पुनर्संरचना गर्ने | वाणिज्य विभागको पुनर्संरचना तथा ५ वाणिज्य कार्यालयहरु स्थापना गर्न **O&M** प्रतिवेदन स्वीकृत गराउने । | प्रधानमंत्री तथा मंत्रीपरिषद सचिवालय<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय/ अर्थ मन्त्रालय,<br>सामान्य प्रशासन मन्त्रालय<br>वाणिज्य विभाग | २०६८ चैत्र मासान्त | थप वजेट आवश्यक पर्ने । |
| ३.४.२ व्यापार प्रवर्द्धन तथा सहजीकरण गर्न सूचना संजालको विकास गर्ने । | - व्यापार प्रवर्द्धनको लागि केन्द्रमा भन्सार विभाग तथा जिल्ला स्तरमा निजी तथा गैं.स.स.संगको सहकार्यबाट तथ्याङ्क आधार **(DATA BASE)** सहितको सूचना संजाल तयार गर्ने । | वाणिज्य विभाग<br>भंसार विभाग<br>तथ्याङ्क विभाग<br>व्यापार प्रवर्द्धन केन्द्र/<br>राष्ट्रिय सूचना केन्द्र तथा सम्वद्ध निकायहरु | आ.व.२०६९।७० देखि | आगामी आ.व.को वजेट विनियोजन अनुसार |

| रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय/सहयोगी निकाय | समयसीमा | वजेट/स्रोत-साधन |
|---|---|---|---|---|
| ३.४.३ वाणिज्य विभागलाई साधन/स्रोत सम्पन्न तुल्याउने । | विभाग तथा अर्न्तगतका निकायको आवश्यकताको पहिचान गरी **Logistic Plan** तयार गर्ने । | अर्थ मन्त्रालय<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय/ वाणिज्य विभाग | २०६९ आषाढ मासान्त | आगामी आ.व.देखि थप वजेट आवश्यक भएको । |
| ३.४.५ व्यापार प्रवर्द्धन, सहजीकरण र आपूर्ति व्यवस्थापनका क्षेत्रमा अनुसन्धान र विकास **(Research and Development)** कार्यलाई अघि बढाउदै वाणिज्य तथा आपूर्ति व्यवस्थापनका क्षेत्रमा आधिकारिक र उपयोगी तथ्याङ्क आधार **(Data Base)** तयार गर्ने । | वाणिज्य विभाग स्थित उपभोक्ता संरक्षण परिषद्, प्रतिस्पर्धा प्रवर्द्धन वोर्ड, वोर्ड अफ ट्रेड, केन्द्रीय अनुगमन समिति लगायतका सचिवालयको लागि **Data Base** तयार गर्ने । | वाणिज्य विभाग<br>वाणिज्य तथा आपूर्ति मन्त्रालय/ अर्थ मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय<br>राष्ट्रिय योजना आयोग<br>उद्योग मन्त्रालय<br>नेपाल उद्योग वाणिज्य महासंघ<br>नेपाल चेम्वर अफ कमर्श<br>नेपाल उद्योग परिसंघ | आ.व.०६९।७० देखि २०७०।७१ सम्म | आगामी आ.व.देखि वजेट विनियोजन गर्नु पर्ने । |